आज मिति २०७५/०६/१८ गतेका दिन शिवालय गाउँपालिका गाउँ कार्यपालिका सीमा जाजरकोटमा यस गाउँपलिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर खड्का | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. नेपाल जलवायु परिवर्तन सहयोग अनुकुलन कार्यक्रम (NCCSP) को आयोजना निर्धारण तथा कार्यान्वयन मोडालिटी सम्वन्धमा ।

२. आर्थिक सहायता तथा राहत वितरणसम्बन्धी नीतिगत निर्णय सम्वन्धमा ।

३. आ.व. २०७४/७५ मा गरेका कार्यहरुको समीक्षा कार्यक्रमको आयोजना सम्वन्धमा ।

४. सरकारी बाँकी बक्यौता भएका व्यक्ति, संस्था, कर्मचारी तथा पदाधिकारीहरुको सेवासुविधा वञ्चित गर्ने नीतिगत निर्णय सम्वन्धमा ।

५. शिवालय गाउँपालिकाभित्र मदिरा तथा जुवातास नियन्त्रण सम्वन्धी नीतिगत निर्णय सम्वन्धमा ।

६. संस्थागत सहायता सम्वन्धमा ।

७. शिक्षण सिकाईमा नयाँ शैक्षिक प्रविधिको प्रयोग तथा विद्यालय छनौट गर्ने सम्वन्धमा ।

८. सार्वजनिक यातायातको भाडा दर निर्धारण सम्वन्धमा ।

९. शिवालय गाउँपालिकाको स्थानीय सुरक्षा समिति गठन गर्ने सम्वन्धमा ।

१०. सिंचाई कुलो निर्माण सम्वन्धमा ।

११. विविध

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहकार्यमा सञ्चालन हुने भनी यस अघि ६ वटा आयोजनाहरु निर्धारण गरिएकोमा ति आयोजनाहरु कार्यान्वयनमा प्राविधिक, आर्थिक कठिनाई देखिएकाले तपसिलमा उल्लिखित आयोजनाहरु मात्र छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो । उक्त आयोजनाहरुमध्ये कल्यान चिउदुवा सडक आयोजना र मोर्क मिलबजार तटबन्ध निर्माण आयोजनालाई क्रमशः रु. ९ लाख र रु. ४ लाख म्याचिङ फण्ड समपुरक कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

पाल्तेई नाउ खानेपानी आयोजना

शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
सीमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

कल्यान चिउदुवा सडक आयोजना

मोर्क मिलबजार तटबन्ध निर्माण आयोजना

रोकायजांत खानेपानी आयोजना

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको कार्यालयमा प्राप्त राहत तथा आर्थिक सहायता मागका निवेदनको कारवाही गरी आर्थिक सहायता तथा राहत निर्धारण गरी वितरण गर्ने सम्बन्धमा यस गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समिति, शिवालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको गत आव २०७४/७५ को वार्षिक कार्यक्रमको समीक्षा मिति २०७५ असोज २२ गते सोमबारका दिन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस गाउँ कार्यपालिकालाई तिर्नु बुझाउनु पर्ने सरकारी बाँकी बक्यौता, सरकारी बाँकी सरह रकम वा बेरुजू भएका व्यक्ति, संस्था, कर्मचारी तथा पदाधिकारीहरुलाई कानुनबमोजिम हुने कारबाहीका साथै शिवालय गाउँकार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवासुविधाबाट समेत वञ्चित गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस गाउँपालिकाक्षेत्रभित्र मदिरा विक्रिवितरण नियन्त्रण गर्न स्थानीय प्रशासनलाई निर्देशन दिदै मदिरा विक्रिवितरणको समय साँझ ६ बजेदेखि ९ बजेसम्म तोक्ने निर्णय गरियो । यस नियमको अवज्ञा गर्ने व्यक्तिलाई पहिलो पटकको लागि रु.१,५०० दोस्रो पटकको लागि रु.२,५०० र तेस्रो पटकको लागि रु.५,००० जरिवाना गराउने निर्णय गरियो । साथै तोकिएको

प्रशासकीय अधिकृत

समयभन्दा अघिपछि विक्रिवितरण गर्ने व्यक्ति वा फर्मलाई पहिलो पटकको लागि रु.१,००० दोस्रो पटकको लागि रु.२,००० र तेस्रो पटकको लागि रु.४,००० जरिवाना गराउने निर्णय गरियो । साथै गाउँपालिकाको क्षेत्रभित्र जुवातासमा पूर्ण प्रतिबन्ध लगाई कानुन बमोजिम कारबाही गर्न स्थानीय प्रशासनलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा जाजरकोट जिल्लाको सदरमुकाममा अवस्थित भेरी ज्ञानोदय क्याम्पसको स्नातकोत्तर कक्षा सञ्चालनार्थ आर्थिक प्रस्ताव पेश भएकोले यस आ.व.को आर्थिक सहायता कोषबाट रु. ३ लाख आर्थिक सहायता दिने निर्णय गरियो । साथै तपशिलमा उल्लिखित संस्थाहरुलाई यसै आ.व.को संस्कृति प्रवर्द्धन शिर्षकबाट निम्नानुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

तपशिल

प्रेस युनियन, जाजरकोट रु. २०,०००

मौला पुजा थलारैकर रु. १७,०००

मौला पूजा भिउस रु. १७,०००

मौला पूजा इलाका प्रहरी कार्यालय, सीमा रु. ७०००

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा Edutainment Nepal Pvt. Ltd. ले प्रयोगमा ल्याएको आधुनिक शिक्षण सिकाई प्रविधि (Talking Teacher) लाई आत्मसात गर्दै तपशिलका विद्यालयहरुमा सो प्रविधि प्रयोगमा ल्याउने निर्णय गरियो । यस निर्णयलाई कार्यान्वयन गर्न बजेट व्यवस्थाका लागि आगामि गाउँ सभामा पेश गरी अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

१. मालिका प्रावि सुँगरखाल

२. नवप्रतिभा प्रावि बालुवा

३. चन्द्रज्योती आधारभूत विद्यालय भिउस

प्रमुख प्रशासकीय अधिकृत

४. जनकल्याण आधारभूत विद्यालय सल्लेरी

५. चम्मालादेवी प्रावि ताङ्गा

६. लक्ष्मि प्रावि वस्नेवडा

७. कालिका प्रावि डुंग्रा

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाभित्र सञ्चालन गरिने सार्वजनिक यातायात सेवाको भाडादर तपशिल बमोजिम निर्धारण गरिदिन श्री जिल्ला प्रशासन कार्यालय, जाजरकोटमा पत्राचार गर्ने निर्णय गरियो ।

१. छेडाचौर शिवालय (ऐरारी) रु. १५०

२. छेडाचौर शिवालय (कल्यान) रु. २००

३. छेडाचौर बालुवा रु. ८०

४. छेडाचौर मोर्क रु. ५०

५. छेडाचौर आले रु. १५०

६. छेडाचौर कोशेटाकुरा रु. २००

७. छेडाचौर थाला रु. २५०

८. छेडाचौर टाटा रु. २००

निर्णय नं. ९

प्रस्ताव नं ९ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाक्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन तपशिल बमोजिमको स्थानीय सुरक्षा समिति गठन गर्ने निर्णय गरियो ।

१. अध्यक्ष -श्री नरेन्द्र कुमार शाही, अध्यक्ष शिवालय गाउँपालिका

२. सदस्य -श्री कुमारी थापा, उपाध्यक्ष शिवालय गाउँपालिका

३. सदस्य -श्री जसबिर वली, वडाध्यक्ष वडा नं. ८, शिवालय गाउँपालिका

४. सदस्य -श्री भक्त बहादुर सुनार, इन्चार्ज इलाका प्रहरी कार्यालय सीमा, जाजरकोट

५. सदस्य -धनीराम शर्मा, प्रमुख प्रशासकीय अधिकृत, शिवालय गाउँकार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा नेपा ऐरेली टाट्के सिंचाई कुलो निर्माण आयोजना शिवालय ३ र निमारे सिंचाई कुलो मर्मत शिवालय ९ लाई शिवालय गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहकार्यमा सम्पन्न गर्ने गरी निर्धारण भएकोमा रकम अभावको कारण कार्यान्वयन गर्न नसकिने भएकोले उक्त आयोजनाहरुलाई गाउँपालिका/प्रदेश सरकार/संघ सरकार/दातृ निकायसँग सहकार्य गर्दै उच्च प्राथमिकतामा राखी सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका वडाहरुको कार्यालय खर्च व्यवस्थापनको लागि प्रशासनिक मापदण्ड वनाई मासिक रु. ४,५०० का दरले वडा कार्यालय खर्च दिने निर्णय गरियो । यसैगरी शिवालय गाउँपालिकाको कार्यालयमा कानुनी सल्लाहकार भई काम गर्नु भएका श्री ठगानन्द रेग्मीलाई निजको काम गरेको अवधि २०७४ माघ १ देखि २०७५ असार मसान्तसम्म ६ महिनाको पारिश्रमिक मासिक रु. २२१७० का दरले जम्मा रु.१,३३,०२० विविध सेवा शुल्क शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । साथै २०७४ मंसिर देखि २०७५ असार मसान्तसम्म स्वास्थ्य चौकी सीमामा स्वयंसेवक भई काम गर्नुभएको श्रीमती पवित्रा कुमारी थापालाई विविध सेवा शुल्क शिर्षकबाट रु.४८,००० उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०७५/०६/१८ गते बिहिबारका दिन शिवालय गाउँकार्यपालिकाको उन्नाइसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

हस्ताक्षर:

नाम: धनीराम शर्मा

पद: प्रमुख प्रशासकीय अधिकृत